यस सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाको बैठक नं.०२ मिति २०८२।०५।२२ गते गाउँपालिकाका अध्यक्ष, श्री कमल तामाङ ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु पारित गरियो ।

| क.स. | नाम | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | कमल तामाङ | सुनकोशी ५ | अध्यक्ष | |
| २ | सुनिता अधिकारी | सुनकोशी ८ | उपाध्यक्ष | |
| ३ | प्रकाश सापकोटा | सुनकोशी १ | वडा अध्यक्ष | |
| ४ | खिलबहादुर तामाङ | सुनकोशी २ | वडा अध्यक्ष | |
| ५ | गिर्वराज थापा मगर | सुनकोशी ३ | वडा अध्यक्ष | |
| ६ | टायन्द्र राई | सुनकोशी ४ | वडा अध्यक्ष | |
| ७ | गोविन्द राम तामाङ | सुनकोशी ५ | वडा अध्यक्ष | |
| ८ | बिष्णु आले मगर | सुनकोशी ६ | वडा अध्यक्ष | |
| ९ | चेत बहादुर कटवाल | सुनकोशी ७ | वडा अध्यक्ष | |
| १० | गुणराज भट्टराई | सुनकोशी ८ | वडा अध्यक्ष | |
| ११ | हितराज कार्की | सुनकोशी ९ | वडा अध्यक्ष | |
| १२ | छबीरमण धमला | सुनकोशी १० | वडा अध्यक्ष | |
| १३ | जमुना घिमिरे | सुनकोशी १ | महिला सदस्य | |
| १४ | लक्ष्मि बानियाँ (खत्री) | सुनकोशी ५ | महिला सदस्य | |
| १५ | सिर्जना पौडेल (दाहाल) | सुनकोशी १० | महिला सदस्य | |
| १६ | सुशिलाश्रेष्ठ | सुनकोशी ८ | महिला सदस्य | |
| १७ | होम बहादुर वि.क. | सुनकोशी ८ | दलित सदस्य | |
| १८ | राम कुमार कार्की | सुनकोशी गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | |

**आमन्त्रित**

| | | | | |
|---|---|---|---|---|
| १९ | | . | | |
| २० | | | | |
| | | | | |
| | | | | |

प्रस्ताबहरु

१. जग्गा प्राप्ति सम्बन्धमा ।

२. नेपाल टेलिकमको सेवा विस्तार सम्बन्धमा ।

३. नेपाल विद्युत प्रशारणको क्षमता विकास सम्बन्धमा ।

निर्णयहरुः

१. निर्णय नं.-१, प्रस्ताव नं.-१ माथि विस्तृत रुपमा छलफल गर्दा श्री आरुभञ्ज्याङ माध्यमिक विद्यालय वडा नं.२ दिप्सिङको वि.ब्या.स. को निर्णय र वडा कार्यालयको सिफारिसका आधारमा सुनकोशी गाउँपालिका वडा न २ मा बस्ने दुर्जे तामाङको नाती पदम बहादुर तामाङको छोरा डम्बर बहादुर तामाङको नाममा रहेको कि.नं. १४०४ को क्षेत्रफल १-५-०-० को जग्गा विद्यालयको आन्तरिक श्रोतबाट नियमानुसार खरिदको लागि अनुमति दिने निर्णय सर्वसम्मत पारित गरियो ।

२. निर्णय नं.-२, प्रस्ताव नं.-२ माथि विस्तृत रुपमा छलफल गर्दा नेपाल टेलिकम शाखा कार्यालय ओखलढुङ्गालाई पालिका लगायत अन्य स्थानमा समेत टेलिफोन सेवा कमजोर भएकोले गाउँपालिका भवनमा टेलिकम टावर जडान गरि सेवा विस्तार गर्नलाई अनुमति दिने निर्णय सर्वसम्मत पारित गरियो ।

३. निर्णय नं.-३, प्रस्ताव नं.-३ माथि विस्तृत रुपमा छलफल गर्दा विद्युत प्रशारणको क्षमता विकास को लागि वडा नं. १ को ढेबुवा, वडा नं. ५ को ओख्रे, वडा नं.३ को पञ्चकन्या र वडा नं. ६ को पारामा क्षमता विस्तारको लागि प्राविधिक सर्वेक्षण गरि सेवा विस्तारको लागि अनुरोध गर्न सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।